

# अध्याय -११

## कठिन समयमा व्यवस्थापन

**मूल पदहरू: २ इतिहास २०:१, १ इतिहास २१:१-१४, २ पत्रुस ३:३-१२, १ यूहन्ना २:१५-१७ र प्रकाश १३:११-१७।**



**यस अध्यायको मूल सार पदः** *"परमेश्वरलाई धन्यवाद बलि चढ़ाउ, र सर्वोच्चलाई दिएको भाकल पूरा गर्नु। र सङ्कष्टको दिनमा मलाई पुकार्नु र म तिमीलाई छुटाउनेछु, र तिमीले मेरो महिमा गर्नेछौ।" भजनसंग्रह ५०:१४-१५।*

कहिलेकाहीँ हाम्रो पृथ्वी नियन्त्रण नै गर्न नसक्ने गरेर फनफनटी घुमिरहेको जस्तो देखिन्छः जताततै युद्धहरू, हत्या र हिंसा, अपराध, अनैतिकता, सामाजिक संरचनाको नाश, प्राकृतिक प्रकोप, महामारी, आर्थिक अस्थिरता,आणविक युद्धका खतराहरू, राजनैतिक भ्रष्टाचार आदिहरूको बिगिबिगिले यो संसार अधोगतिको दिशामा गइरहेको छ। यस्तो परिस्थितिमा व्यक्तिविशेष र परिवारलाई कसरी संरक्षण दिने र बाँच्ने भन्ने बलियो चाहनाले मानिसहरूको दिमागले प्राथमिता पाइरहेको छ। यस्तो अनिश्चित समयमा सुरक्षित हुने पिर सबैलाई लागिरहेको हुन्छ। यो स्वाभाविकै हो।

हाम्रो जीवनको चिन्ताफिक्रीले दैनिक जीवनमा धेरै असर पारिरहेको हुन्छ। तिर्नुपर्ने ऋण तिर्न, बालबालिकाहरूलाई हुर्काउन, अचल सम्पत्तिको

व्यवस्थापन जस्ता आवश्यकताहरूले हाम्रो समय र सोचहरूलाई व्यस्त पार्दछन्। अनि गाँस,बाँस र कपासको निम्ति पनि फिक्री गर्नुपर्ने हुन्छ। ती आधारभूत आवश्यकताको बारेमा येशूले यसरी सम्बोधन गर्नुभएको थियो, "अन्यजाति वा परमेश्वरलाई विश्वास नगर्नेहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ। तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्।" मत्ती ६:३२-३३ रूपान्तरित।

कठिन परिस्थितिहरूमा हामी परमेश्वरमा झन झन भरोसा राख्न सिक्नुपर्दछ। बाइबलका नीतिहरूको आधारमा परमेश्वरमा कसरी भरोसा राखेर चल्ने बन्ने केही ठोस कदमहरू छन्। तिनीहरूलाई हामीले पछ्याए हाम्रो हित हुनसक्छ।

## १. परमेश्वरलाई पहिले प्राथमिकता देऊ

**२ इतिहास २०:१-२२ पढ्नुहोस्। हामी जुनसुकै संघर्षहरूमा लागिरहेतापनि वा लाग्नुपरेतापनि यस कथाबाट हामीले कस्तो आत्मिक नीतिहरू लिन सक्छौं? हेर्नुहोस, "१ यसको केही समयपछि मोआबी, अम्मोनी र केही सेनानीहरू यहोशापातको विरुद्धमा युद्ध गर्न आए। २ तिनलाई यो समाचार सुनाइयो कि एक ठूलो सैन्य-दल खारा समुद्र* पारि एदोमबाट तिनको विरुद्धमा लड़ाइँ गर्न आइरहेछ, र हासेसोन-तामार, अर्थात् एन-गदीमा पुगिसकेको छ। ३ यस्तो विपद्को समाचार सुनेर यहोशापातले परमप्रभुको अगुवाइ खोज्न अठोट गरे। तिनले सारा यहूदाभरि नै उपवास बस्नलाई घोषणा गरे। ४ यहूदाका मानिसहरू परमेश्वरको सल्लाह माग्नलाई भेला भए। देशको हरेक सहरबाट तिनीहरू उहाँसित सल्लाह माग्न आए। ५ यहूदा र यरूशलेमका सभाको सामुन्ने परमप्रभुका मन्दिरको नयाँ चोकको अगि खड़ा भएर यहोशापातले भने: ६ "हे परमप्रभु हाम्रा पुर्खाहरूका परमेश्वर, के तपाईं नै स्वर्गमा विराजमान हुनुहुने परमेश्वर हुनुहुन्न? तपाईं जाति-जातिका सबै राज्यहरूमा शासन गर्नुहुन्छ। तपाईंकै हातमा शक्ति र बल छन्। तपाईंको सामना गर्ने कोही छैन। ७ हे हाम्रा परमेश्वर, के तपाईंले नै आफ्नो प्रजा इस्राएलको सामुबाट यस देशका बासिन्दाहरूलाई धपाउनुभएको र आफ्ना मित्र अब्राहामका सन्तानलाई सदासर्वदाको निम्ति त्यो दिनुभएको होइन? ८ तिनीहरू त्यसमा वास बसेका छन्, र तपाईंका नाउँको निम्ति यसो भनेर एउटा वासस्थान बनाएका छन्, ९ 'यदि**

विपत्ति हामीमाथि आइलाग्यो भने, अर्थात् न्यायको तरवार वा रूढ़ी वा अनिकाल
पऱ्यो भने, हामी यस मन्दिरको अगि जहाँ तपाईंको नाउँ छ, र तपाईंको सामुन्ने
खड़ा हुनेछौं। अनि हामी आफ्नो विपत्तिमा तपाईंलाई पुकार्नेछौं, र तपाईंले हाम्रो
बिन्ती सुनेर हामीलाई बचाउनुहुनेछ'। १० "मिश्रदेशबाट आउँदा तपाईंले
इस्राएललाई अम्मोनी र मोआबीहरू र सेइर पर्वतका मानिसहरूको देशमा पस्न
मनाई गर्नुभएको थियो, र यसैले उनीहरू यहाँ आएका छन्। इस्राएलीहरूले
उनीहरूलाई त्यसै छोड़िदिए, र उनीहरूलाई नाश गरेनन्। ११ तर अब हेर्नुहोस्,
यी मानिसहरूले हामीलाई कस्तो बदला दिइरहेछन्। तपाईंले हामीलाई अधिकार
गर्न दिनुभएको जग्गादेखि उनीहरू हामीलाई धपाउन आइरहेछन्। १२ हे हाम्रा
परमेश्वर, उनीहरूको न्याय तपाईं गर्नुहुन्न र? किनभने हाम्रो देशलाई आक्रमण
गर्न आइरहेको यो ठूलो सैन्य-दलको सामना गर्न हाम्रो केही शक्ति छैन।
हामीले जे गर्नुपर्ने हो सो हामी जान्दैनौं, तर हामी आफ्ना आँखा तपाईंतिर
उठाउँछौं।" १३ यहूदाका सबै मानिसहरू, तिनीहरूका पत्नीहरू र तिनीहरूका
बालकहरूसमेत त्यहाँ परमप्रभुको सामुन्ने खड़ा भए। १४ तब आसापको वंशका
एक जना लेवी यहासेलमाथि परमप्रभुका आत्मा उत्रनुभयो। तिनी मत्तन्याहका
जनाति, यहीएलका पनाति, बनायाहका नाति अनि जकरियाका छोरा थिए। १५
तिनले भने, "हे यहूदा र यरूशलेमका सबै बासिन्दा र राजा यहोशापात सुन्नुहोस्,
परमप्रभु तपाईंहरूलाई यही भन्नुहुन्छः 'नडराओ, यस ठूलो सैन्यदलदेखि
नआत्तिओ। किनभने लड़ाइँ परमप्रभुको हातमा छ, तिमीहरूका हातमा होइन।
१६ भोलि उनीहरूसँग युद्ध गर्न निस्क। उनीहरू जीजको उकालोबाट भएर
आउँछन्। तिमीहरूले उनीहरूलाई यरूएलको उजाड़-स्थानमा भएको खोलाको
पल्लो छेउमा भेट्नेछौ। १७ यो लड़ाइँ तिमीहरूले लड्नुपर्नेछैन। ताँतीमा दृढ़
भएर पर्खिबस। परमप्रभुले तिमीहरूका उद्धारको काम गर्नुभएको तिमीहरू
देख्नेछौ। नडराओ, न त आत्तिओ। भोलि उनीहरूको सामना गर्न तिमीहरू
निस्किआओ। किनभने परमप्रभु तिमीहरूतर्फ हुनुहुनेछ'।" १८ यहोशापात भूइँमा
घोप्टो परे, र यहूदा र यरूशलेमका सबै बासिन्दाहरू परमप्रभुको सामुन्ने दण्डवत्
गर्न घोप्टो परे। १९ तब कहात र कोरहका वंशका कोही लेवीहरू खड़ा भए, र
चर्को सोरेले परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा गरे। २० तब तिनीहरू
बिहान सबेरै उठेर तकोको उजाड़-स्थानमा गए। तिनीहरू निस्केर जाँदा खड़ा
भएर यहोशापातले भने, "हे यहूदा र यरूशलेमका बासिन्दा हो, मेरो कुरा सुन।
परमप्रभु तिमीहरूका परमेश्वरको विश्वासमा तिमीहरू स्थिर भइरहो, र उहाँले

तिमीहरूलाई थामिराख्नुहुनेछ। उहाँका अगमवक्ताहरूमाथि विश्वास गर, र तिमीहरूको फलिफाप हुनेछ।" २१ मानिसहरूसित सल्लाह गरेपछि तिनले कति जनालाई परमप्रभुको स्तुतिगान र उहाँका पवित्रताको प्रतापको प्रशंसा गर्न सेनाको अगिअगि गएर गाउनलाई नियुक्त गरे। अनि तिनीहरूले यसो भनेर गाए, "परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ।" २२ तिनीहरूका प्रशंसाको चर्को आवाज सुनिने बित्तिकै परमप्रभुले यहूदासँग युद्ध गर्न आएका अम्मोनी, मोआबी र सेइर पर्वतका मानिसहरूलाई अलमल्याइदिनुभयो, र उनीहरू परास्त भए। २३ अम्मोनी र मोआबीहरू सेइर पर्वतका मानिसहरूका विरुद्धमा उनीहरूलाई खतम गर्न र नाश गर्न उठे। जब उनीहरूले सेइरका मानिसहरूलाई नाश गरिसके, तब उनीहरूले आपसमा नै एक-अर्कालाई अन्धाधुन्ध आक्रमण गर्न लागे। २४ जब यहूदाका मानिसहरू उजाड़स्थानमा भएको अल्गो ठाउँमा आइपुगे र शत्रुको सैन्य-दललाई हेरे, तब त्यहाँ तिनीहरूले उनीहरूलाई भूइँमा मारिएर पड़िरहेका देखे, अनि उनीहरूमध्ये एउटै पनि उम्केको थिएन। २५ जब यहोशापात र तिनका मानिसहरू लूटका माल जम्मा गर्न आए, तब तिनीहरूले असंख्य सामानहरू, लुगाफाटाहरू र बहुमूल्य थोकहरू लानै नसक्ने गरी लुटेर लगे। तिनीहरूले तीन दिनसम्म लूटका माल जम्मा गरे, किनभने ती त्यति धेरै थिए। २६ चौथो दिन तिनीहरू बराकाहको बेंसीमा भेला भए। तिनीहरूले त्यहाँ परमप्रभुको प्रशंसा गरेका हुनाले आजको दिनसम्मै त्यसको नाउँ त्यही छ। २७ त्यसपछि यहूदा र यरूशलेमका सबै मानिसहरू यहोशापातलाई अगि लाएर विजयको साथ सहरमा फर्के, किनभने परमप्रभुले तिनीहरूका शत्रुमाथि तिनीहरूलाई विजयी तुल्याउनुभएको थियो। २८ तिनीहरू वीणा, सितार र तुरही बजाउँदै यरूशलेममा पसेर परमप्रभुको मन्दिरभित्र गए। २९ परमप्रभुले नै इस्राएलका शत्रुहरूका विरुद्धमा युद्ध गर्नुभयो भनी सुनेर सबै देशका राज्यहरूमा परमेश्वरको भय फैलियो। ३० यहोशापातको राज्यमा शान्ति भयो, किनभने परमेश्वरले तिनलाई चारैतिर विश्राम दिनुभयो।"२ इतिहास २०:१-३०।

राजा यहोशापातको राज्यकालको अन्तिममा यहूदामाथि आक्रमण गरिएको थियो। यहोशापात साहसिलो र बीर थिए। वर्षौंसम्म उनले आफ्ना सैनिकहरूलाई बलियो बनाएका थिए र उनका शहरहरूलाई किल्लाले घेर्न लगाएका थिए। कुनै पनि शत्रुसँग सामना गर्न उनी तयार थिए; यद्यपि जब आफ्नो देशमा शत्रुहरूले मिलेर आक्रमण गर्ने खबर उनले पाए तब आफू ठूलो

शङ्कटमा परेको महसुस गरे। तर यस कठिन घडीमा उनले आफ्ना सैन्यवल र किल्लाले बलियो पारेको सहरलाई हेरेन र तिनीहरमाथि भर परेन बरु परमेश्वरको शक्तिमाथि भरोसा राखे। त्यसकारण, उनले त्यस कठिन मामिलालाई कसरी सम्हाल्ने भनेर उनले परमेश्वरसँगै सहायता माग्न निर्णय गरे। सारा यहूदाका मानिसहरूलाई उपवास बस्न आग्रह गरे। सारा जनसमूह मन्दिरको वरिपरि भेला भए। यदि खतरा आइपुर्दा मन्दिरतिर नजर लगाएर प्रार्थना गर्नु भनेर राजा सोलोमनले भनेका थिए। आफ्ना सारा परिवारसहित यहूदाका मानिसहरू परमेश्वरको सामु खडा भए। शत्रुहरूलाई अलमलमा पारेर परमेश्वरको नाउँको इज्जत थामुन् भनेर तिनीरहरूले प्रार्थना गरे। राजाले यसरी बिन्तिभाउ गरे, " हामीलाई आक्रमण गर्न आएका यतिका ठूलो सैन्यबलसाग युद्ध गर्न हामीसँग शक्ति छैन। हामीले के गर्ने त्यो पनि हामीलाई थाहा भएन, तर हाम्रा सबै नजरहरू तपाईंमाथि छ।" २ इतिहास २०:१२ रूपान्तरित।

यसरी तिनीहरूले आफूहरूलाई परमेश्वरमा समर्पित गरेपछि, परमेश्वरको आत्मा उहाँको मानिसमाथि आए। उनले यो हौशला दिए, "तिनले भने, “हे यहूदा र यरूशलेमका सबै बासिन्दा र राजा यहोशापात सुन्नुहोस्, परमप्रभु तपाईंहरूलाई यही भन्नुहुन्छः ‘नडराओ, यस ठूलो सैन्यदलदेखि नआत्तिओ। किनभने लड़ाइँ परमप्रभुको हातमा छ, तिमीहरूका हातमा होइन। भोलि उनीहरूसँग युद्ध गर्न निस्क। उनीहरू जीजको उकालोबाट भएर आउँछन्। तिमीहरूले उनीहरूलाई यरूएलको उजाड़-स्थानमा भएको खोलाको पल्लो छेउमा भेट्नेछौ। यो लड़ाइँ तिमीहरूले लड्नुपर्नेछैन। ताँतीमा दृढ़ भएर पर्खिबस। परमप्रभुले तिमीहरूका उद्धारको काम गर्नुभएको तिमीहरू देख्नेछौ। नडराओ, न त आत्तिओ। भोलि उनीहरूको सामना गर्न तिमीहरू निस्किआओ। किनभने परमप्रभु तिमीहरूतर्फ हुनुहुनेछ’।” २ इतिहास २०:१५-१७।

तब भोलिपल्ट बिहानै राजाले मानिसहरूलाई भेला गराए। तिनीहरूको अगाडि लेबी कुलका सङ्गीत समूहलाई राखेर परमेश्वरको स्तुति प्रशंसा गर्न थाले। उनले मानिसहरूलाई यो उत्साह दिए, “हे यहूदा र यरूशलेमका बासिन्दा हो, मेरो कुरा सुन। परमप्रभु तिमीहरूका परमेश्वरको विश्वासमा तिमीहरू स्थिर भइरहो, र उहाँले तिमीहरूलाई थामिराख्नुहुनेछ। उहाँका अगमवक्ताहरूमाथि विश्वास गर, र तिमीहरूको फलिफाप हुनेछ।” २ इतिहास २०:२०। तब गीति समूहले ठूलो ठूलो स्वरले गीत गाउन थाले, अनि

शत्रुहरू एक आपसलाई आक्रमण गरेर नाश गरे। एक जना पनि बाँचेनन् (२ इतिहास २०:२४)।

लडाँईमा छोडेका धनमालहरू जम्मा गर्न यहूदाका मानिसहरूलाई तीन दिन लागेको थियो। अनि चौथो दिनमा तिनीहरु हर्षोउल्लाससाथ यरुशलेममा फर्केका थिए।

जुन परमेश्वरले तिनीहरूलाई उद्धार गर्नुभएको थियो त्यही परमेश्वरलाई प्रेम गर्छौं र उहाँको आराधना गर्छौं र उहाँको शक्ति त्यसबेलाको जस्तै अहिले पनि महान् छ। तर उहाँमाथि भरोसा राख्न र उहाँको अगुवाइलाईमा रहिरने चुनौति हामीलाई यथावत नै छ।

*२ इतिहास २०:२० पढ्नुहोस्। हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति यसमा के उल्लेखनीय सन्देश छ? हेर्नुहोस्, "तब तिनीहरू बिहान सबेरै उठेर तकोको उजाड़-स्थानमा गए। तिनीहरू निस्केर जाँदा खड़ा भएर यहोशापातले भने, "हे यहूदा र यरूशलेमका बासिन्दा हो, मेरो कुरा सुन। परमप्रभु तिमीहरूका परमेश्वरको विश्वासमा तिमीहरू स्थिर भइरहो, र उहाँले तिमीहरूलाई थामिराख्नुहुनेछ। उहाँका अगमवक्ताहरूमाथि विश्वास गर, र तिमीहरूको फलिफाप हुनेछ।" २ इतिहास २०:२०।*

## २. आफ्नै स्रोत र साधनहरूमा होइन, परमेश्वरमाथि भरोसा राख्न

परमेश्वरको प्रिय पात्र राजा दाउदले उहाँमाथि भरोसा राख्नु भनेको के हो सो जान्नुपर्ने थियो। उनको मित जोनाथानबाट उनले यो सिक्नुसक्नुपरेको थियो कि मानिसहरू धेरै होस् वा थोरै होस् परमेश्वरमाथि भरोसा राख्यो भने उहाँले विजय दिनुहुन्छ। परमेश्वरको सहायताले सावल राजाको छोरा जोनाथान र उनका केही अस्त्रबोक्ने साथीहरूको सहायताले फिलिस्तिनको शिबिरमा रहेका सबै शत्रुहरूलाई कसरी नाश गरेका थिए भन्ने विवरण १ शमूएल १४:१-२३मा पढ्न सकिन्छ। इस्राएलको इतिहासको त्यो अनुभवको बावजुद पनि जब कठिन परिस्थितिको सृजना भयो तब राजा दाउदले आफ्नो बल र रणनीतिमा भरोसा राखेको चाहेको सैतानको जालमा उनी परेका थिए।

**१ इतिहास २१:१-१४ पढ्नुहोस्। दाउदले किन इस्राएलीहरू वा उनका सिपाहीँहरूको गिन्ति गर्न निर्णय गरे? उनको सेनापति योआबले त्यसप्रति किन असहमति देखाएका थिए? हेर्नुहोस्, "१ शैतान इस्राएलको विरुद्ध उठेर दाऊदलाई आफ्नो प्रजा गन्नलाई सुर्यायो। २ यसैले तिनले योआब र आफ्ना**

फौजका अधिकृतहरूलाई बेर्शेबादेखि दानसम्मका इस्राएलीहरूको जनसंख्या लिएर तिनलाई बताउनू भनी आदेश दिए। ३ योआबले जवाफ दिए, "परमप्रभुले आफ्ना फौजलाई सय गुणा बढ़ाइदिऊन्! के हजूर अझै तिनीहरूका राजा र सबै मानिसहरू हजूरका दास हुनेछैनन् र? हजूरले किन त्यसो गर्नुपर्छ र? तपाईंले इस्राएलमाथि किन दोष ल्याउनुहुन्छ?" ४ तर राजाको वचनले योआबको कुरालाई रद्द गरिदियो। तिनी हिँड़िगए, र इस्राएलभरि घुमे। ५ तब तिनी यरूशलेममा आएर दाऊदलाई आफूले लिएको जनसंख्या यसरी बताइदिए: "हतियार चलाउन सक्नेहरू इस्राएलमा एघार लाख र यहूदामा चार लाख सत्तरी हजार रहेछन्।" ६ तर योआबले लेवी र बेन्यामीनको गन्ती लिएनन्, किनभने राजाको हुकुमले तिनी साह्रै अप्रसन्न भएका थिए। ७ यो हुकुमबाट परमेश्वर पनि अप्रसन्न हुनुभयो, र इस्राएलीहरूलाई उहाँले दण्ड दिनुभयो। ८ तब दाऊदले परमेश्वरलाई भने, "मैले साह्रै दुष्ट काम गरें। बिन्ती छ, आफ्नो दासको दोषलाई हटाइदिनुहोस्, किनभने म साह्रै मूर्ख भएछु।" ९ परमप्रभुले दाऊदका दर्शी गादलाई भन्नुभयो, १० "गएर दाऊदलाई भन्, 'परमप्रभु यसो भन्नुहुन्छः म तिम्रो सामु तीन वटा प्रस्ताव राख्दैछु। तीमध्ये एउटा छान्, र म त्यो तिमीमाथि ल्याउनेछु।" ११ यसैले गाद दाऊदकहाँ गएर यसो भने, "परमप्रभु यही भन्नुहुन्छः १२ 'एउटा चुन्– तीन वर्षको अनिकाल, तीन महिनासम्म तेरा शत्रुहरूद्वारा सताइनु, र उनीहरूका तरवारले तँ खेदिइनु, अथवा सारा देशमा विपत्ति ल्याउने परमप्रभुको आफ्नो तरवार– परमप्रभुका दूतद्वारा इस्राएलका सबै इलाकाहरू विनाश ल्याउने काम'। अब विचार गर्नुहोस्, मलाई पठाउनुहुनेकहाँ मैले के जवाफ लानुपर्ने हो।" १३ तब दाऊदले गादलाई भने, "म साह्रै सङ्कष्टमा परेको छु। मलाई परमप्रभुको हातमा नै पर्न देऊ। किनभने उहाँको करुणा अति महान् छ। तर मलाई मानिसको हातमा पर्नु नपरोस्।" १४ यसकारण परमप्रभुले इस्राएलभरि नै एउटा विपत्ति पठाउनुभयो, र इस्राएलका सत्तरी हजार मानिसहरू मरे। १५ र परमेश्वरले यरूशलेम विनाश गर्न एउटा स्वर्गदूत पठाउनुभयो। तर तिनले त्यो नाश गर्न लाग्दा परमप्रभुले त्यो देखेर त्यस सर्वनाशदेखि मन बद्लेर ती नाश गर्ने स्वर्गदूतलाई भन्नुभयो, "अब भयो! तिम्रो हात थाम!" त्यसै बेला ती स्वर्गदूत यबूसी अरौनाका खलाको छेउमा उभिरहेका थिए।" १ इतिहास २१:९-१५।

आफ्ना सेनाहरू गन्न शैताले नै उक्साएको थियो भनेर उल्लेख गरिएको छ। युद्धको बेलामा परमेश्वरमाथि भरोसा राख्नुकोसट्टा आफ्नो बलमा

भरोसा राख्न सैतानले दाउदलाई उक्साएको थियो। सेनापति योआबले त्यसो नगर्न राजालाई सल्लाह दिएका थिए। परमेश्वर नै तिनीहरूको लागि युद्ध गर्नुहुनेछ भनेर उनले भनेका थिए। तर आफू राजा भएको हैशियतले मानिसहरू गन्न उर्दी दिए। उनको त्यो कामले इस्राएलमा बिपत्ति ल्याएको थियो भनेर बाइबलले बताउँदछ।

परमेश्वरमाथि बेकारमा कसैले पनि भरोसा राख्दैन। जब तपाईं परमेश्वरको निम्ति युद्ध गर्नुपर्छ भने तपाईं तयार हुनु त पर्छ नै। त्यो पनि लापर्वाहीसाथ होइन तर बढो कौशलतासाथ। बिलायतको प्रधानमन्त्री ओलिभर क्रमवेल (१५९९-१६५८)मा युद्ध गर्न जुनभन्दा अघि आफ्ना सैनिकहरूलाई यो आदेश दिएको थियो, "भाइहरू हो, परमेश्वरमाथि तिमीहरू भरोसा राख, र तिम्रो बन्दुकहरू तयार गरिराख।" अर्को बोलिमा भन्नुपर्दा, सफल हुन तपाईंहरू जे गर्नुपर्छ गर्नुहोस्, तर अन्तमा, परमेश्वरलेमात्र तपाईंलाई विजय दिनुहुनेछ भन्ने तथ्यमा विश्वास गर्नुहोस्।

बर्तमान परिप्रेक्षमा, हाम्रो सरकार, हाम्रा बैंकहरूमा भरपर्नु सजिलै छ, तर प्रत्येक सङ्कट मानिसहरूले सामना गरे र परमेश्वरमा भरोसा राखे र उहाँको इज्जत राखे उहाँले सहायता उपलब्ध गराउनुभएको थियो भनेर बाइबलले बताउँदछ।

अहिले हामी बाँचिरहेकै बेलामा परमेश्वरसँग हामी ठिक हुनुपर्दछ। हामी सबै ऋणहरूबाट चुक्ता हुनुपर्दछ र हामीलाई परमेश्वरले दिनुभएका आशिषहरूलाई अरूहरूलाई दिन उदार हुनुपर्दछ। एउटा पुरानो भजन छ, "यदि हामीलाई परमेश्वरको खाँचो पहिले कहिल्यै भएको छ भने,अहिले नै छ।"

*हामी आर्थिक अवस्थामा सुरक्षित हुने काममा लाग्नु र परमेश्वरमाथि भरोसा राख्नु यी दुई कुरामा हामी कसरी संतुलन राख्ने ?*

## ३. सरल जीवनको निम्ति समय

अत्यन्तै कठिन परिस्थितिहरूमा सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्तहरूले के गर्नुपर्छ? के हामी बाँचिरहन परिश्रम गर्ने कुरालाई त्यागेर बस्ने? अहँ, बरू झन त्यसको बिपरित। संसारको अन्त र येशूको दोस्रो आगमन नजिक भएको कुराको ज्ञान हामीमा भएकोले हामीले सकेसम्म परिश्रम गरि आयआर्जन गरेर हामीमा भएका आम्दानीका भागहरू सुसमाचार प्रचार गर्न प्रयोग गर्नुपर्दछ

ताकि उहाँलाई प्रेम गर्नेहरू उहाँको आगमनको निम्ति तयार हुन सकोस्। एक दिन यस संसारका सबै थोकहरू आगोले भष्म हुन्छ भन्ने कुरालाई पनि हामी बिर्सिंदैनौं।

२ पत्रुस ३ः३-१२मा पत्रुसले हामीलाई के भनिरहेका छन्? हेर्नुहोस्, **"३ सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्छ, कि पछिल्ला दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनीहरूका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, ४ "उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो? किनकि पिता-पुर्खाहरू सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ।" ५ जानी-बुझिकन पनि तिनीहरू यस कुराको वास्ता गर्दैनन्, कि परमेश्‍वरको वचनद्वारा स्वर्गहरू अघिदेखि नै थिए, र पृथ्वीचाहिँ पानीबाट र पानीद्वारा नै बनाइयो। ६ त्यही पानीबाट त्यस समयको संसार जलप्रलयमा डुबेर नष्ट भयो। ७ तर त्यही वचनले भक्तिहीन मानिसको इन्साफ र विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका छन्। ८ तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ। ९ आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्‍चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ। १० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। ११ यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? १२ तिमीहरू परमेश्‍वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। १३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ।"** २ पत्रुस ३ः३-१३।

परमेश्‍वरको वचनबाट हामीलाई यो सिकाउँदछ कि उहाँले हाम्रा सम्पत्तिहरू स्वर्गमा लान रथ पठाउनुहुन्न। ती सबै थोक जलेर भष्म हुनेछ जब आखिरमा पाप र दुष्टहरूको नाश हुन्छ। ख्रीष्टका हातहरूमा भएका दागहरूबाहेक सबै दागहरू सदाको निम्ति मेटिनेछ।

त्यसकारण हामीमा भएको बर्तमान चल अचल सम्पत्तिलाई के गर्ने? "हाम्रा भाइहरूले आफ्ना सम्पत्तिहरू थुपार्नुको सट्टा त्यसलाई घटाउने तरखरमा

लाग्नुपर्दछ। हामी स्वर्गिय देशमा जानै लागेकाछौं। त्यसकारण, हामी यस संसारमा सधैं बाँचिरहनेछौं भन्ने खालका नहोऔं। तर हामीमा भएका जे थोकहरू छन् त्यसलाई जतिसक्यो त्यति थोरै गरेर तयार भएर बसौं।"-एलेन जी ह्वाइट, *काउन्सिल अन स्टुवार्डशिप,* पृ. ५९बाट रूपान्तरित।

उहाँले व्यक्त गर्नुभएको त्यो भावना शताब्दी अघिदेखिनै थियो। तर त्यसको नीति बर्तमान समयसापेक्षित नै छः हाम्रो बाँच्ने समय र यस संसारको समय जहिले पनि थोरै छ। हुनसक्छ हामी ६०, ८० वा १०० वर्ष बाचौंला। हाम्रा स्वस्थ जीवनशैली र बंशलेगर्दा लामो आयु होला तर अनन्त जीवनको तुलनामा त्यो आयु के हो त? यस अध्याय पढिसिद्ध्याउनुभन्दा अघि तपाईंको जीवन अन्त हुनसक्छ, अनि अर्को कुरा तपाईंलाई थाहा हुन्छ कि आँखाको निमेषमा तपाईंले येशूलाई भेट्नुहुनेछ। यो कस्तो छिट्टो हुने कुरो छ, होइन त?

सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्त भएको हुनाले हामी जहिले पनि अनन्तलाई ख्यालमा राखेर जिउनुपर्दछ।

परमेश्वरको राज्य खोजि गर र उहाँको धार्मिकताको खोजि गर भन्ने प्रभुको आदेशमा विधान र नीति छ त्यो हो सातदिन काम गर र एक दिन विश्राम लेऊ। हामी काम गर्नुपर्छ र हामी आफूलाई हाम्रा परिवारलाई आवश्यकताहरू जुटाउनुपर्दछ ताकि हामी अरूहरूको मुख ताकेर नबसौं वा प्रभुलाई सबै सुम्पें भनेर मगन्ते भएर नबसौं। हाम्रो परिश्रमबाट कमाएको धनसम्पत्तिको उपभोग हामीमात्र होइन अरूहरूले पनि गर्न अवसर पाइन्छ। हाम्रा परिश्रममा रमाउनु कुनै गल्ति होइन। तर हामी लोभिपापी हुनुहुन्न। आफू काम नगर्ने तर अरूहरूको डाहा गर्नु नै लोभि हुनु हो। अनि आवश्यक परेकाहरूप्रति संवदेशिल भएर उदार हुन पनि सक्छौं यदि हामीमा धन भए। फेरि त्यसबैला हामीले यो हरदम सम्झिरहनुपर्दछ कि यहाँ जे थुपाछौं त्यो अस्थायी हो र खेर जानेछ। यदि त्यसमा होशियार भएनौं भने आत्मिक रूपमा पनि हामीलाई भ्रष्ट बनाउँदछ।

यदि येशू दश वर्षपछि वा पाँच वर्षपछि वा ती वर्षपछि आउँदै हुनुहुन्छ भनेर तपाईँले थाहा पाउनुभयो भने तपाईँको वर्तमान जीवनलाई कसरी बदलेर बस्नुहोला?

## ४. हाम्रा प्राथमिकताहरू

येशूले सिकाउनुभएका अर्तीकथाहरू, बाइबलका पात्रहरू र एलेन जी ह्वाइटका लेखहरूले ख्रीष्टिप्रति आधमामात्र समर्पण भए पुग्छ भनेर स्पष्टरूपमा आभास् दिएको छैन। कि त हामी परमेश्वरको साथमा छौं, क त उहाँको विरुद्धमा छौं। हामी कोही पनि मध्यम मार्गमा छैनौं।

कुन आज्ञा महान् छ भनेर एक जना पण्डितले येशूले सोध्दा उहाँले यो जवाफ दिनुभएको थियो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई तिम्रो सारा हृदयले, तिम्रो सारा प्राणले, तिम्रो सारा समझले, र तिम्रो सारा शक्तिले प्रेम गर्।' दोस्रोचाहिँ यो हो, 'तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।' योभन्दा ठूलो आज्ञा अर्को छैन।" मर्कूस १२:३०-३१। जब हामी सबै थोक येशूलाई दियौं भने अर्को स्वामीको निम्ति हामीसँग केही पनि बाँकि हुँदैन। यो यस्तै हुनुपर्छ। येशूको नीति नै यो हो।

**मत्ती ६:२४मा दिएको सत्य वचन तपाईंको व्यक्तिगत अनुभव कस्तो छ? "कसैले दुई मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कालाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धनको सेवा गर्न सक्दैनौ।"**

परमेश्वर र पैसालाई सेवा गर्नु कठिन छ भनेर येशूले भन्नुभएको छैन न त दुई मालिकहरूलाई कसरी सेवा गर्ने त्यसमा होशियार हुनुपर्छ भनेर उहाँले भन्नुभएको छ। सो केलाएर पढ्नुहोस्। तर यो त गर्नै सकिँदैन भनेर उहाँले ठोकुवा गर्नुभएको छ। बस त्यतिमात्रै हो। यो सोचले हामीलाई केही हदमा थर्कमान त बनाउँछ नै। (पावलले भन्दछन्, "यसकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधैं आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब झन् बढ़ी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर" फिलिप्पी २:१२)।

**१ यूहन्ना २:१५-१७ पढ्नुहोस्। यस संसारमा त्यहाँ लेखिएका तीन थोकहरूले हाम्रो संसारलाई कसरी निलिरहेको छ? कहिलेकाहीं हामीले थाहै नपाउने गरि हाम्रो दिमागमा ती तत्वहरू कसरी घुस्न सक्दछ? हेर्नुहोस्, "संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी**

**पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्। संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ।"**

त्यसैकारण पावलले हामीलाई यसरी सम्झाउँछन्, "माथिका कुरामा मन लगाओ। पृथ्वीमा भएका कुरामा होइन। किनभने तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ।" कलस्सी ३:२-३। हुनत त्यो भन्न सजिलो छ तर पालन गर्न गाऱ्हो छ किनभने हाम्रा वरिपरि संसारका थोकहरूले दिनदिनै ढाकिरहेकाछन्। संसारले फसाउने तत्वहरू बलियो छन्। तुरन्तै संतुष्ट पार्ने कुराहरूले हाम्रा कानमा सुनाइरहेको हुन्छ। कतिपय अत्यन्तै विश्वासीलो र निष्ठावान येशूभक्तहरूले यस संसारका थोकहरूको लोभमा परेका छैनन् र? एक दिन सबै थोक नाश हुनेछ भनेर थाहा पाएतापनि संसारको थोकहरूले हामीलाई तानिरहेको हुन्छ। तर येशूभक्तहरूको निम्ति शुभसमाचार त यो छ कि उहाँको शक्तिसम्पन्न भएको भक्तलाई ती थोकहरूले तानिराख्न दिन आवश्यक छैन।

*२ पत्रुस ३:१०-१४ पढ्नुहोस्। हाम्रो जीवनलाई कसरी प्रभाव पारिरहनुपर्छ भनेर पत्रुसले हामीलाई बताउँदछ ? हामीसँग भएका सबै स्रोत र साधनहरूलाई कसरी उपयोग गर्ने भनेर के सल्लाह हामीलाई दिइएको छ? हेर्नुहोस्, "तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ ? तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ। यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर।" २ पत्रुस ३:१०-१४।*

## ५. जब कसैले किनबेच गर्न सक्दैन

येशूको दोस्रो आगमनपूर्व यस पृथ्वीमा अत्यन्तै पीडादायी चित्रण बाइबलमा गरेको छ। दानिएलले यसको बारेमा चर्चा गर्दै भन्दछन्, "त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरू सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो

कहिल्यै भएको छैन।" दानिएल १२:१। विगत र बर्तमान इतिहासका पानाहरूमा लेखिएका दुःखदायी घट्नाहरूलाई मध्यनजरमा राख्दा दानिएलले भनेका कुराहरू त झन खराब देखिन्छ।

येशूको आगमनभन्दा अघि सङ्कष्टको समय आउनेछ भनेर प्रकाशको पुस्तकले पनि औंल्याएको छ।

**प्रकाश १३:११-१७ पढ्नुहोस्। सतावटको समयमा हुने आर्थिक संकटको बारेमा यहाँ कसरी चर्चा गरिएको छ? हेर्नुहोस्, "११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सीङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो।"**

किनबेच गर्न नसक्नै रे? आज हाम्रो जीवनका कति भागहरू किनबेचमै झुम्मिरहेको छ? हाम्रा सरसामानहरू किनबेच गर्न हाम्रा दक्षताहरूलाई समय लगाएर काम गरिरहेका हुन्छौं। तर त्यो समय आउँदैछ कि हामीले किन्न सक्छौं न बेच्न सकछौं अर्थात् समाजमा हामी चलखेल गर्न नसक्ने अवस्थामा हामी पुग्न सक्छौं रे। तब परमेश्वरमा निष्ठावान हुनेहरूको निम्ति त झन ठूलो दवाव हुनेछ। फेरि जति धेरै पैसा तपाईंसँग भयो त्यति धेरै समस्या तपाईंमा आउन सक्छ। त्यसले गर्दा तपाईंमा हुने चाप र तनाव झन चर्चको हुनेछ।

तब त्यसबेलाको निम्ति हामी कसरी तयार हुने छ? अहिले नै हामी तयार हुनुपर्दछ। हामीसँग भएको पैसा, सम्पत्ति र संसारका आकर्षणहरूका दासहरू हामी नहोऔँ भनेर परमेश्वरसँग बिन्ति गर्नुपर्दछ। यदि ती थोकहरूले हामीलाई बाँधिराखेको छैन भने हामी विश्वासमा अडिग हुन वाध्यता भएको बेलामा तिनीहरूले हामीलाई पक्रि राख्न सक्दैन।

**प्रत्येक वर्ष लाभ भयो भने परमेश्वरका जनहरूले के गर्नुपर्छ भनेर व्यवस्था १४:२२मा दिएको पढ्नुहोस्। यसो गर्न परमेश्वरले तिनीहरूलाई किन भन्नुभयो? हेर्नुहोस्, "हरेक साल खेतमा उम्रने उब्जनीबाट तिमीहरूले दशांश अलग राख्न नभुल्नू। जुन स्थानमा परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँको वासस्थानको निम्ति छान्नुहुन्छ, त्यहीँ आफ्ना अन्न, दाखमद्य र तेलको दशांश र आफ्ना गाईबस्तु र भेड़ाबाख्राका पहिले जन्मेका बच्चा उहाँको सामुन्ने खानू। यसरी नै तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको भय सधैँ मान्न सिक्नेछौ।"**

मोशाद्वारा दशांसको पद्धति परमेश्वरले बसाल्नु भएको थियो। तर कामै नगरि कसरी दशांस दिन सकिन्छ र? दशांस दिने प्रणालीको एउटा लक्ष्य हो, "परमेश्वरको भय वा उहाँप्रति सधैं श्रद्धा राखियोस्" (व्यवस्था १४:२३ रूपान्तरित)। श्रद्धा वा भयलाई भजनमा कविताको लयमा यसरी व्यक्त गरिएको छ,

> *"तपाईंको भलाइ कति महान् छ, जो तपाईंको भय मान्नेहरूका निम्ति तपाईंले राख्नुभएको छ, जो तपाईंमा शरण पर्नेहरूलाई तपाईंले मानिसहरूका सामुन्ने दिनुभएको छ।" भजनसंग्रह ३१:१९।*

परमेश्वरको भय मान्नुभनेकै उहाँमाथि भरोसा राख्नु हो भनेर उक्त छन्दले भन्दछ। त्यसकारण, हामीलाई स्वार्थीपनाबाट जोगाउन परमेश्वरले दशांसको नीति स्थापना गर्नुभएको थियो। हप्ताको छ दिन काम गरेर आएको स्रोतले दशांस दिंदा हामीलाई आशिष दिनुहुने परमेश्वरनै हुनुहुन्छ भनेर हामी स्वीकार्न पुग्छौं र उहाँमाथि भरोसा राख्न उत्साह दिन्छ। दशांस दियो भन्दैमा परमेश्वरको जनहरू अन्तसम्म निष्ठावान हुन्छ भन्ने छैन तर दशांस दिनेमा हिचकिचाउनेहरूले कठिन समय आएको बेलामा तिनीहरू आफूहरूलाई ठूलो समस्यमा पारिरहेका हुन्छन्।

***उपसंहार:***

***थप जानकारी:*** *धनसम्पत्ति कमाउनको विरुद्धमा बाइबलमा कहीँ पनि चेतावनी दिएको छैन न त धन सम्पत्ति थुप्रियो भने आत्मिक समर्पण बढ्छ भनिएको छ । तर त्यसको बिपरितचाहिँ सत्य हो। "पैसाको लोभ र यस प्रतिस्पर्धामुलक समयमा धनहरूमात्र थुपार्ने चाहाना भनेको सैतानले मानिसहरूलाई बाँडिराख्न सुनौलो सिक्री हो ।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. ४१ बाट रूपान्तरित।*

*अझ भनौँ भने इसाई धर्मको स्थापनादेखि नै कतिपय चर्चहरू एकदमा धनाढ्य भएका छन् र चर्चका पदाधिकारीहरू सम्पन्न भएका छन् । प्रश्नचाहिँ यो छ: कुन मोलमा? सम्पन्नताले हाम्रो आत्मियतामा त्यस्तो असल प्रभाव पार्छ भन्ने छैन । यो कसरी हुन सक्छ र ? धनसम्पत्तिले इसाईहरूलाई कहिले स्वार्थत्याग र निस्वार्थी बनाएको छ र ? हामीले चाहेको जति भौतिक सुविधाले सम्पन्न हुने प्रतिस्पर्धाले के हामीलाई संसारबाट अलग गराउन सक्छ र ? हाम्रा चर्चका कतिपय सदस्यहरू गाँसबासकपासको निम्ति दिनदिनै संघर्ष गरिरहेकाछन् भने कतिमा अत्याधुनिक सुखसुबिधाले आत्मिक जीवनलाई डुबाइरहेको छ । खरबपतिहरूको बारेमा हामी यहाँ चर्चा गरिरहेकाछैनौँ यदि बाइबलको नीतिमा तिनीहरू चल्यो भने तिनीहरूलाई कतिको भलो हुन्छ सो तिनीहरूलाई थाहा छ । तर मध्यमवर्गका सम्पन्न मानिसहरू पनि आत्मिकरूपमा खतरामा पर्न सक्छन् भन्ने कुरामा हामी सतर्क गराइरहेका छौँ यदि दशांस दिने आदतमा वेवास्ता गर्‍यो भने धनसम्पत्तिले मानिसहरूलाई आत्मिक धरातलमा हुत्याउँछ।*

**चिन्तनमनन:**

अ. संसारको स्तरमा हामी धनी नहौंला, तैपनि पैसार सम्पत्तिको मामिलामा हाम्रो मनस्थितिलाई कसरी होशियार बनाएर राख्नुपर्दछ?

आ. दशांस दिनेभन्दा अरू के के व्यवाहरिक कुराहरू छन् जसले गर्दा हामी संसारको चाँजोफाँजोमा नपार्न सक्छ?

इ. अचानक तपाईंले भोलि केही किनबेच गर्न सकेन र तपाईं परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूको विश्वासमा रहेका समूहमा भएकोले तपाईंलाई सतायो भने तपाईं के गर्नुहुन्छ? तपाईंले आफ्नो विश्वासलाई कसरी थामि राख्ने?

## कथा ११

## दुई असल मित्रहरू



बहादु इब्राहिम इसाई परिवारमा जन्मेको थिएन। मलावीको मध्ये क्षेत्रमा उसको घर थियो। उसको बाबुआमाले आफ्नो पूर्खौली धर्मको पछि लागोस् भनेर अपेक्षा गरेका थिए। त्यसप्रति उसको केही आपत्ती थिएन किनकि उसलाई अरू धर्मको बारेमा थाहा थिएन।

अनि उसको जेठो दाजुले सेभेन्थ-डे एडभेन्टिस्ट महिलालाई विवाह गरे र उनी पनि एडभेन्टिस्ट चर्चमा सरिक भए। किशोर अवस्थामा बहादुको बाबु आमाले उसलाई मलावीको राजधानी लिलोनग्वीमा उसको दाजु र भाउजुकहाँ रहन पठाए। जब साबथ आयो तब उसको दाजुले ऊ पनि चर्चमा जान अपेक्षा गरे। बहादु जान चाहेको थिएन तर उसको अरू विकल्प थिएन। दुई वर्ष दाजु चर्चमा गएकोले आफूपनि जानले कर्तव्य भएकोले गयो।

जब आफ्नो गाउँ कालुलुमामा फर्क्यो तब बाइबलको बारेमा उसले बिर्सन चाहेको थियो। तर उसले आफू सरहका साथीहरू बनाए, त्यसमा एक जना किसोरसँग विशेष मित्रता गाँसे। त्यो साथी एडभेन्टिस्ट थियो। नया साथीको दया र भलाइीपनाले गर्दा बहादुले उसलाई धेरै सरहाहना गर्न थाल्यो। गाउँको सबैले त्यस युवकलाई मनपराउँथे र उसको बारेमा तारिफ गर्दथे।

एक साबथ त्यस साथीले बहादुलाई चर्चमा आउन निम्तो दियो। उसलाई के गरुँ के गरुँ भयो। तर साथीसँग चर्चमा गयो। उसको घनिष्ठ साथीसँग चर्चमा पनि समय बिताउन पाएकोले ऊ खुशी भयो। जब समय बित्दै गयो तिनीहरूको मित्रता झन झन बाक्लो हुँदै गयो। हप्ताको सातौं दिन शनिबार सत्य साबथ हो भनेर उसको साथीले भनेको सुनिरह्यो। उसको साथीले किताब पनि पढ्न दियो। अलि अलि गरेर उसले परमेश्वरको बारेमा सत्यहरू बुझ्न थाल्यो। उसले साबथको बारेमा पनि बुझ्न थाल्यो। तर, शनिबार नै सत्य साबथ हो भन्ने कुरामा उसले विश्वास गर्न सकेको थिएन। तब उसले आफ्नो बाबुआमालाई थाहा नै नदिइकन आफ्नो परिवारको परम्पराको धर्मशास्त्र र बाइबल तुलना गरेर पढ्न थाल्यो। पढ्दै जाँदा उसको

परिवारको धर्मशास्त्रमा स्त्रीहरूमा केवल येशूकी आमा मरियमकोमात्रै नाउँ लेखेको थाहा पाए। येशू नै प्रभु को भनेर पनि उसले सिक्यो। बप्तिस्माद्वारा आफ्नो हृदय येशूलाई दिने निर्णय उसले गऱ्यो। अब जानै पर्ने भएकोले ऊ चर्चमा गएन। उसले आफ्नो विशेष समय उसको उत्तम मित्र येशूसँग बिताउन चर्च जान थाल्यो।

जब बहादुले बप्तिस्मा लिए तब उसका बाबुआमाले उसलाई घरबाट निकाले र उसको हाइस्कूलको लागि पैसा पनि तिर्न रोके। अरू साथीहरूसँग उसले हाइस्कूल सिध्याउन पनि पाएन। बहादुलाई नहुलीकन नै उसका दुवै बुबा र आमाको देहान्त भयो। आज पनि उसका धेरै आफन्तहरूले उसमाथि रिस राखेर व्यवहार गर्न थाले। तर बहादुले आफ्नो आस्थाप्रति डगमगेन। "येशूलाई विश्वास गर्ने निर्णय मेरो व्यक्तिगत हो," भनेर उसले सुनायो। आज ऊ मलावी एडभेन्टिस्ट विश्वविद्यालयमा पास्टर हुन अध्ययन गर्दैछ।

- चिफुन्डो कान्जो